गण्डकी गाउँपालिका

# स्थानीय राजपत्र

## वार्षिक स्वास्थ्य कार्यक्रम संचालन कार्यविधि, २०७७

खण्ड ४ संख्या २२ मिति: २०७७।८।१७

**भाग-२**

**गण्डकी गाउँपालिका**

# वार्षिक स्वास्थ्य कार्यक्रम संचालन कार्यविधि, २०७७

कार्यक्रम शीर्षक : दीर्घ रोगीहरुलाई निशुल्क औषधी वितरण

१ परिचय :

दीर्घ रोगी : गण्डकी गा.पा.का विपन्न र गरिव नागरिकहरु दिर्घ रोगले ग्रस्त भई औषधी किन्न आर्थिक अभाव भई औषधी सेवनवाट वन्चित नहोस् भन्ने हेतुले यस गा.पा.भित्र वसोवास गर्ने नसर्ने खालको रोग लागेको व्यक्तिहरुलाई निशुल्क औषधी उपलव्ध गराउन यो कार्यक्रम राखिएको हो । दीर्घ रोगी भन्नाले यस गा.पा.भित्र वसोवास गर्ने नसर्ने रोग लागेका व्यक्तिहरुलाई वुझाइनेछ । जस्तै : मुटु तथा रक्तनली सम्वन्धी रोग ,मधुमेह, कोलेष्ट्रोल,थाइराइड, क्यान्सर, श्वास प्रश्वास सम्वन्धी दीर्घरोग तथा मानसिक रोग आदि ।

२ लक्ष्य तथा उद्देश्य :गा.पा.भित्र वसोवास गर्ने दीर्घ रोगीहरुलाई आवश्यक औषधी समयमै प्रदान गरी स्वास्थ्य स्थितिमा सुधार ल्याउने ।

- विषेश गरी मुटु रोग ,मधुमेह ,श्वास प्रश्वास रोग तथा मानसिकरोगीहरुलाई पहिलो प्राथमिकता दिइनेछ ।
- दीर्घ रोगीको औषत आयु (life expectancy ) बृद्धि गर्ने ।

३ जिम्मेवार निकाय : स्वास्थ्य शाखा, स्वास्थ्य संस्था र स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति

४ कार्य विधि : प्रचलित सार्वजनिक खरिद कानुन र आर्थिक कार्यविधि कानुन

५ सहभागि :दीर्घ रोगिहरु

६.कार्य स्थल :गा.पा.का सवै वडाहरु

७.कार्यान्वयन समय : दोस्रो त्रैमासिक

८.कार्यक्रम संचालन प्रक्रिया

➢ प्रत्येक स्वास्थ्य संस्थाहरुले सवै दीर्घरोगीहरुको तथ्यांक संकलन गर्ने ।

➢ तथ्यांक संकलन गर्दा दीर्घरोगी प्रमाणित गर्ने कागजात संलग्न भएको हुनु पर्नेछ ।

➢ विरामीको नागरिकता प्रमाणपत्र वा परिचय खुल्ने प्रमाणपत्र पेश हुनुपर्नेछ ।

➢ स्वास्थ्य संस्थाले स्वास्थ्य संस्था व्यवस्थापन समितिवाट दिर्घरोगीको तथ्यांक छानविन गरी सिफारिस साथ पठाउनु पर्नेछ ।

➢ स्वास्थ्य शाखामा दिर्घरोगीको तथ्याङक प्राप्त भएपछि कार्यकम बजेटको परिधि भित्र औषधीको परिमाण समेत लाई मध्यनजर गरी देहाय बमोजिमका समितिले दिर्घरोगीको तथ्याङकलाई अन्तिम रुप दिइनेछ ।

समितिका पदाधिकारीहरु:

| | |
|---|---|
| १. गण्डकी गाउँपालिका अध्यक्ष | संयोजक |
| २. गण्डकी गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ३. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४. मेडिकल अधिकृत | सदस्य |
| ५. स्वास्थ्य शाखा प्रमुख | सदस्य |

सचिव

- समितिले स्वास्थ्य संस्था बाट प्राप्त तथ्याङक उपर आवश्यकता अनुसार छानविन गरी औषधी वितरणका लागि सिफारिस गर्नेछ ।
- स्वास्थ्य शाखाले दिर्घरोगीको तथ्यांक प्राप्त भए पश्चात प्रचलित कानुन बमोजिम औषधी खरिद  गर्नेछ ।
- स्वास्थ्य शाखाले स्वास्थ्य संस्थाहरु मार्फत दिर्घ रोगीहरुलाई औषधी वितरण गर्नेछ ।
- स्वास्थ्य संस्थाहरुले दीर्घ रोगीहरुलाई औषधी वितरण गर्दा बिरामीको प्रमाण खुल्ने सवै कागजात र भर्पाई राखी वितरण गर्नुपर्नेछ ।

९.अपेक्षित प्रतिफल :

- दीर्घ रोगीहरुलाई सही समयमा औषधी उपलव्ध गराउदा विरामीको स्वास्थ्य स्थितीमा सुधार आई पछि हुन जाने जटिल समस्यालाई समयमै नियन्त्रण गर्न सकिन्छ ।
- दीर्घ रोगी औषत आयुमा बृद्धि भएको हुने छ ।
- दीर्घरोगिहरुको तथ्यांक आद्यावधिक भएको हुनेछ ।

- गरिव तथा आर्थिक रुपले विपन्न भएकाहरुलाई स्थानीय तहवाट सहायता प्राप्त भएको अनुभुती हुनेछ।

तथ्यांक संकलन गर्दा भर्ने अनुसुची फाराम

| क्र.स | नामथर | ठेगाना | उमेर | रोगको ना | रोग निदान | रोग निदान गर्ने | औषधीको नाम( जेनेरिक | मासिक लाग्ने सरदर मूल्य | फोन नं |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

१० कार्यक्रम बजेट : रु १९,०००००। (उन्नाइस लाख)

११. खर्च प्रक्रिया : प्रचलित आर्थिक नियम र सार्वजनिक खरिद कानून बमोजिम खर्च गरिनेछ ।

१२.अभिलेख तथा प्रतिवेदन :औषधी खरिद तथा खर्चको अभिलेख LMIS प्रणालीमा संलग्न गरिनु पर्नेछ ।

**कार्यक्रम शिर्षक : संक्रमण रोकथाम अनसाइट कोचिङ**

१.परिचय : स्वास्थ्य संस्थाहरुवाट प्रदान गरिने स्वास्थ्य सेवाहररुलाई चुस्त, दुरुस्त र गुणस्तरीय बनाउनको लागि विशेष गरी सेवा प्रदायक, सेवाग्राही र समुदाय तिनै पक्षलाई विभिन्न प्रकारका रोगहरुवाट हुने संक्रमणलाई रोकथाम गर्न यो कार्यक्रम समावेश गरिएको हो ।

२.उद्देश्य :

- स्वास्थ्यकर्मी र कार्यालय सहयोगीहरुको ज्ञान ,सीपको क्षमता अभिवृद्दि गर्ने

४.कार्यान्वयन निकाय : स्वास्थ्य शाखा

५.कार्यविधि :तालिम प्राप्त प्रशिक्षकको उपस्थितिमा आधारभुत तालिम संचालन ,छलफल,प्रश्नोत्तर आदि।

६.सहभागी :गण्डकी गाउँपालिका सवै स्वास्थ्य चौकीका स्वास्थ्य कर्मीहरु

७.कार्यस्थल : गण्डकी गाउँपालिका स्वास्थ्य चौकी

कार्यान्वयन समय : दास्रो चौमासिक

८..संचालन प्रक्रिया

- IP Management सम्वन्धी प्रशिक्षक प्रशिक्षण तालिमप्राप्त दक्ष प्रशिक्षक वाट on site coaching प्रदान गरिने छ ।

- प्रत्येक स्वास्थ्य संस्थामा नै गई सवै स्वास्थ्यकर्मीहरुलाई संक्रमण रोकथाम सम्वन्धी on site coaching कक्षा संचालन गरिने छ ।
- IP Management को लागि आवश्यक सामाग्रीको लागत तयार गरी आर्थिक नियमानुसार खरिद गरी वितरण गरिने छ ।

९.कार्यक्रम वजेट : रु १,७५,०००।

१०.खर्च प्रक्रिया : प्रचलित आर्थिक नियम र सार्वजनिक खरिद कानुन वमोजिम खर्च गरिनेछ ।

.११.अपेक्षित प्रतिफल : सवै स्वास्थ्यकर्मीहरुले IPmanagement ज्ञान सीप हासिल गरी सेवाप्रदायक ,सेवाग्राही र वातावरण तिनै पक्ष स्वस्थ र सुरक्षित हुनेछ साथै सेवाग्राही ,सेवाप्रदायक र स्वास्थ्य संस्था प्रति माया र विश्वास वढ्नेछ ।

१२.अभिलेख तथा प्रतिलेदन: कार्यक्रम संचालन पश्चात प्रतिवेदन गरी अभिलेखिकरण गर्ने ।

**कार्यक्रम/क्रियाकलाप शिर्षक :ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम**

१. परिचय :यस गा.पा.भित्र रहेका गर्भवती महिलाहरुको गर्भावस्थामा हुने समस्यालाई समयमै पता लगाई पछि हुने Complication घटाई मातृ मृत्यु तथा नवशिशु मृत्युदरलाई घटाउन यो कार्यक्रम समावेश गरिएको हो ।

२. अपेक्षित लक्ष्य तथा उद्देश्य: गर्भावस्थामा समयमा नै जटिल समस्या पहिचान भई समस्या समाधान गरी सुरक्षित प्रसुती हुने संख्यामा उल्लेख्य वुदि हुने, साथै मातृ तथा नवशिशु मृत्युदरमा कमी आउनु ।

३. कार्यान्वयन कर्ता : गा.पा स्वास्थ्य शाखा

४. सहभागि : गर्भवती महिला, मे.अ तथा तालिम प्राप्त दक्ष स्वास्थ्यकर्मी

५. स्थान : गाँउ पालिकाका सबै वडाहरु

६. कार्यमक संचालन विधि : दक्ष प्राविधिकको उपस्थितीमा Portable USG मार्फत प्रत्येक स्वास्थ्य संस्थामा त्रैमासिक रुपमा भिडियो एक्सरे शिविर संचालन गरिनेछ ।

७. संचालन प्रक्रिया :

- यस गा.पा.भित्र वसोवास गर्ने सम्पुर्ण गर्भवती महिलाहरुलाई पायक पर्ने प्रत्येक स्वास्थ्य चौकीमा त्रैमासिक रुपमा भिडियो एक्सरे गरिने छ ।
- भिडियो एक्सरे सेवा तालिम प्राप्त दक्ष जनशक्तिमार्फत प्रदान गरिने छ ।

- दक्ष जनशक्तिमार्फत कार्यक्रम संचालन गर्दा यातायात तथा भ्रमण खर्च विनियोजित रकमवाट आर्थिक नियमानुसार खर्च गरिने छ ।

८. कार्यक्रम बजेट : १ लाख ५० हजार

९. अपेक्षित प्रतिफल :

- ए.एन.सी. भ्रमण संख्या बढनु र संस्थागत सुत्केरी संख्यामा बृद्धि हुनु ।
- नव शीशु तथा मातृमृत्यू दर न्युनिकरण गर्नु ।
- अल्ट्रासाउण्ड सम्बन्धी तथ्यांक व्यवस्थित गर्नु ।

१०. कार्यान्वयन समय :त्रैमासिक

११. अभिलेख तथा प्रतिवेदन : कार्यक्रम संचालन पश्चात प्रतिवेदन गरी अभिलेखिकरण गर्ने ।

**कार्यक्रम/क्रियाकलाप शिर्षक :औषधी तथा भ्याक्सिन ढुवानी**

१.परिचय : स्वास्थ्य संस्थाका लागि आवाश्यक औषधी तथा भ्याक्सिन ढुवानी, रिप्याकिङ र वितरण समेत गर्नको लागि यो कार्यक्रम समावेश गरिएको छ ।

२.उद्देश्य : समय मै औषधीजन्य सामाग्रीहरु र भ्याक्सिन ढुवानी, रिप्याकिङ र वितरण गरी वस्तुको परिमाण सुनिश्चित गर्ने ।

३.कार्यान्वयन निकाय : गण्डकी गा.पा.स्वास्थ्य शाखा

४.कार्यक्रम संचालन विधि :आवश्यकतानुसार विभिन्न स्वास्थ्य संस्थाहरुमा औषधी ,औषधी जन्य सामाग्रीहरु तथा भ्याक्सिन ढुवानी गर्ने ।

५.सहभागी :स्वास्थ्य शाखा कर्मचारीहरु(कार्यालय सहयोगी समेत)

६.कार्यस्थल : गण्डकी गा.पा.सवै वडाहरु

७.कार्यान्वयन समय : आवश्यकतानुसार वाह्रै महिना

८.संचालन प्रक्रिया :

- सामानहरु रिप्याकिङ गर्नु पर्ने भए रिप्याकिङ गर्ने
- नियमानुसार दररेट लिई ढुवानी गर्ने
- ढुवानी गरिएका सामानहरु स्वास्थ्य संस्थामा पुर्‍याई अन्यत्र वितरण गर्नु पर्ने भएमा गर्न सकिने छ ।
- औषधी तथा सामान रिकल गर्नुपरेमा समेत सोही प्रकृया अवलम्वन गर्नु पर्नेछ ।

९.अपेक्षित प्रतिफल : औषधी लगायतका सामाग्रीको समयमै ढुवानी तथा रिप्याकिङ र वितरण भै स्वस्थ्य संस्थामा भ्याक्सिन औषधी तथा सामान नियमित उपलव्ध हुने ।

१०.कार्यक्रम वजेट :१,००,०००।

११.खर्च प्रक्रिया/आर्थिक बाँडफाँड : प्रचलित आर्थिक नियम र सार्वजनिक खरिद कानुन वमोजिम हुनेछ ।

१२.अभिलेख तथा प्रतिवेदन:कार्यक्रम संचालन पश्चात प्रतिवेदन गरी अभिलेखिकरण गर्ने ।

# Program : VIA CAMPAIGN

१.परिचय : नेपालमा विवाहित महिलाहरुको पाठेघरको मुखको क्यान्सर भई धेरै महिलाहरुले अकालै ज्यान गुमाईरहेको अवस्थालाई मध्यनजर राख्दै यस गण्डकी गा.पा.भित्र वसोवास गर्ने विवाहित महिलाहरुको पाठेघरको मुखको क्यान्सर भए नभएको समयमै पता लगाई पछि हुने जटिल समस्यालाई न्युनिकरण गर्नको लागि यो शिविर कार्यक्रम समावेश गरिएको हो ।

२.उद्देश्य : विवाहित महिलाहरुको पाठेघरको मुखको क्यान्सर समयमै पहिचान भै आवश्यक उपचार गरी स्वास्थ्य जीवन यापन गराउने ।

३.कार्यान्वयन निकाय : स्वास्थ्य शाखा

४.कार्यक्रम संचालन विधि : दक्ष प्राविधिकको सहयोगमा पायक पर्ने स्थानमा शिविर संचालन गर्ने ।

५.सहभागी : लक्षित महिलाहरु

६.कार्यस्थल : गण्डकी गा.पा.को वढी प्रभावित क्षेत्र

७.कार्यान्वयन समय : तेस्रो चौमासिक

८.संचालन प्रक्रिया :

- स्वास्थ्यकर्मीहरुको नियमित वैठकले पाठेघरसंग सम्वन्धि समस्या भएको महिलाहरु वढी भएको स्थान छनौट गर्ने ।
- शिविर संचालन हुनु भन्दा १ हप्ता अगाडी म.स्वा.से. तथा स्वास्थ्यकर्मीहरुको १ दिने अभिमुखिकरण गोष्ठी संचालन गर्ने ।
- शिविर संचालनको लागि दक्ष जनशक्तिको व्यवस्था गर्ने ।

➢ शिविर संचालनको लागि आवश्यक पर्ने औषधी तथा अन्य सामाग्रीहरु आर्थिक नियमानुसार खरिद गर्ने

➢ क्याम्प संचालनमा आवश्यक औषधी तथा सामाग्रीहरु निशुल्क वितरण गर्ने

➢ तथ्यांक अद्यावधिक गर्ने

९.अपेक्षित लक्ष्य

- पाठेघर सम्वन्धी रोगी महिलाहरुको समस्या समयमै पहिचान गर्न सकिन्छ ।
- आवश्यकतानुसार थप उपचार गरी पछि आउने जटिल समस्यावाट छुटकारा पाइन्छ ।
- पाठेघर सम्वन्धी रोगि महिलाहरुको तथ्यांक आद्यावधिक भएको हुने छ ।
- पाठेघरको मुखको क्यान्सर नियन्त्रण भएको हुने छ ।
- सम्वन्धित रोगीको औषत आयुमा बृद्धि भएको हुने छ ।

१०.कार्यक्रम वजेट : एक लाख पचास हजार रुपया

११.वजेट बाँडफाँड :प्रचलित आर्थिक नियमानुसार खर्च पारदर्शी किसिमले गर्नुपर्ने छ ।

१२.अभिलेख तथा प्रतिवेदन :कार्यक्रम संचालन पश्चात प्रतिवेदन गरी अभिलेखिकरण गर्ने ।

**कार्यक्रम/क्रियाकलाप शिर्षक :स्वास्थ्य व्यावस्थापन सुचना प्रणाली**

स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली व्यवस्थित गर्ने

**कार्यक्रम/क्रियाकलाप शिर्षक :जेष्ठ महिला स्वास्थ्य स्वयम सेविका सम्मान कार्यक्रम**

१. परिचय :नेपालमा आ.व.२०४५। ०४६ सालदेखि म.स्वा.से. कार्यक्रम लागु भए अनुसार प्रत्येक वडामा (साविक ९ वडामा ९जना ) ९ जनाको दरले म.स्वा.से.राखी वडागत तहमा समुदाय स्तरमा स्वास्थ्य सम्वन्धी विभिन्न कार्यक्रम गर्दै आउनु हुने महिला स्वास्थ्य स्वयम सेविका दिदी वहिनीहरुलाई ६० वर्षको उमेर पुगेपश्चात निजहरुको कामको उच्च कदर गर्दै ससम्मान साथ विदाई गर्नको लागि यो कार्यक्रम समावेश गरिएको हो ।

२. अपेक्षित लक्ष्यतथा उद्देश्य :जेष्ठ म.स्वा.से.हरुले समुदायमा स्वास्थ्य सम्वन्धी विविध प्रवर्दनात्मक  कार्यहरु गर्दै आउनु भएकोमा कामको उच्च मुल्यांकन गर्दै ससम्मानजनक विदाई गर्न

३. कार्यान्वयन कर्ता : गा.पा स्वास्थ्य शाखा

४. सहभागि :जेष्ठ म.स्वा.से.हरु

५. स्थान : गाँउ पालिकाका वडा नं १

६. कार्यक्रम संचालन विधि : गा.पा.का तथा सम्वन्धित वडा ,स्वास्थ्य संस्थाकासरोकार वालाहरु र जेष्ठ म.स्वा.से.हरुको उपस्थितिमा विदाई कार्यक्रम गर्ने

कार्यान्वयन समय : प्रथम चौमासिक

७. संचालन प्रक्रिया

➢म.स्वा.से.विदाईको लागि कदरपत्र/प्रशंसा पत्र को व्यावस्था गरिने छ ।

➢नेपाल सरकारको नियमानुसार प्रति जेष्ठ म.स्वा.से.लाई रु २००००।०० मा २५ प्रतिशत कर कट्टी गरी बाँकी रकम सम्मान साथ प्रदान गरिने छ ।

➢ विदाई सम्वन्धी कार्यक्रमको लागि अन्य विविध कार्यको लागि आवश्यक खर्च सोही शिर्षकमा विनियोजन गरेको रकमवाट खर्च गरिने छ ।

कार्यक्रम वजेट : रु १ लाख मात्र

११.वजेट बाँडफाँड :प्रचलित आर्थिक नियमानुसार खर्च पारदर्शी किसिमले गर्नुपर्ने छ ।

१२.अभिलेख तथा प्रतिवेदन :कार्यक्रम संचालन पश्चात प्रतिवेदन गरी अभिलेखिकरण गर्ने

**आज्ञाले,**

**पुरण गुरुङ**

**प्रमुख प्रशासकीय अधिकृत**